# स्थानीय सरकारको एकल अधिकारको विवेचना



✍ कृष्णहरि बास्कोटा*

हाल नेपालमा संघीय शासन प्रणाली लागू भएको छ । २०७२ सालमा संविधानसभाद्वारा जारी संविधानको अनुसूची ८ मा स्थानीय सरकारका २२ वटा एकल अधिकारको सूची रहेको छ । प्रस्तुत आलेखमा स्थानीय सरकार संचालनसम्बन्धी ऐन, २०७४ ले गरेको एकल अधिकारको कार्यबिस्तृतीकरण र कार्यान्वयनको अबस्थाको विवेचना गर्ने प्रयास गरिएको छ ।

यसबाट संघीयताको जगका रुपमा रहेका स्थानीय सरकारका बारेमा अबस्था बोध हुने अपेक्षा गरिएको छ । यसैगरी, प्रस्तुत आलेखको उद्धेश्य जनप्रशासन र व्यबस्थापनमा अध्ययन एवं अनुसन्धान गर्नेले ७५३ वटा स्थानीय सरकारका बारेमा यर्थाथ जानकारी राखी मुलुककमा सुशासन, विधिको शासन, जवाफदेहिता र पारदर्शिता कायम गर्न तल्लो तहको सरकारमा के कसो गर्न सकिन्छ ? भनी अबस्थाको बारेमा जानकारी दिने ध्येय समेत लिइएको छ ।

## (१) नगर (स्थानीय प्रहरी) :

पहिलो कुरो, संविधानको अनुसूचीमा नगर प्रहरी शव्द लेखिएको कारण गाउंपालिकाको हकमा के हुने ? भने द्विविधा पैदा हुनु स्वभाविकै हो । तर, संघीयताअनुसार स्थानीय सरकारहरु गठन भएको करिब ७ वर्षको अबधिमा नगरपालिका र गाउपालिका दुबैले नगर प्रहरी नियुक्ति गरेका छन् । तर, यस्तो पदमा नियुक्ति गर्ने पालिकाको संख्यामा ७५३ मा आधा पनि नभएको महशुस हुन्छ ।

यसका लागि सबै स्थानीय सरकारले नगर प्रहरीको गठनसम्बन्धी कानून वा आदेश जारी गर्नुपर्छ । यसका लागि नियुक्ति र नियुक्ति हुनेको योग्यतासम्बन्धी मापदण्ड तोकी सोको हुबहु कार्यान्वयन गर्नुपर्छ । यस्तो प्रहरीले स्थानीय सरकारको सम्पत्तिको सुरक्षा, चाडपर्वको सुरक्षा व्यबस्थापन, स्थानीय बजार र पार्किंग व्यबस्थापन तथा न्यायिक समितिबाट भएको निर्णयहरुको मिलापत्रको कार्यान्वयन गराउनु पर्छ ।

यस अतिरिक्त, नगर प्रहरीले सार्वजनिक जमिनको संरक्षण गर्ने, विपदमा उद्धार गर्ने, अनधिकृत होर्डिंग वोर्डको नियन्त्रण गर्ने, छाडा चौपायाको नियन्त्रण र अनधिकृत निर्माणको नियन्त्रण गर्ने समेत कार्य गर्नुपर्छ । यसमा केही पालिकाका नगर प्रहरीहरुलाई सफलता हासिल भएको छ भने अधिकांश पालिकामा नगर प्रहरीलाई पालिकाका अन्य कर्मचारीले तत्काल परिआएका काममै संलग्न गराउदै आएका छन् । जसको कारण गर्नुपर्ने कामबाट उनीहरु विमुख भैरहेका छन् ।

---

**पूर्व सचिव तथा प्रमुख सूचना आयुक्त श्री बास्कोटा हाल नेपाल जनप्रशासन संघको अध्यक्ष हुनुहुन्छ ।*

## (२) सहकारी संस्था :

हाल नेपालमा करिब ३० हजारको संख्यामा सहकारी संस्थाहरु दर्ता भै क्रियाशील छन् । विविध कारणले यी सहकारी संस्थाहरुमा केन्द्रीकृत वा जिल्लागत मानसिकता यथावत पाइन्छ । जवकि हालका दिनमा यी स्थानीय सरकारमा केन्द्रित रहनु पर्नेछ ।

स्थानीय सरकार संचालन ऐनबमोजिम सबै स्थानीय सरकारहरुले सहकारीसम्बन्धी नीति र मापदण्डको निर्माण गर्नुपर्छ । आफ्नो पालिकाभित्रका सहकारीको दर्ता र कार्य अनुमति दिने अधिकार स्थानीय सरकारमा रहेको छ । यस अतिरिक्त, स्थानीय तहहरुले स्थानीय संघ संस्थासंग समन्वय र सहकार्य गर्नुका साथै यस सम्बन्धी तथ्यांक व्यबस्थापन गर्नुपर्छ । प्रत्येक स्थानीय तहले सहकारी संघसंस्थाको क्षमता अभिबृद्धि गर्ने र सहकारी प्रबर्द्धनको काम गर्नुपर्छ । हालको कार्यप्रगतिलाई नियाल्दा दर्ता र नवीकरण गर्नेसम्मका काम भएका छन् । केही पालिकाहरुले वर्षमा एक पटक आधादिने प्रशिक्षणसम्म दिएका छन् । यस अलावा सहकारी संघ संस्थाहरुलाई परिचालन गर्न स्थानीय तहहरु सबल भैरहेका छैनन् ।

## (३) एफएम रेडियो संचालन :

हरेक स्थानीय तहले आफूलाई तोकिएको काम प्रभावकारीढंगले गर्नुका साथै सम्पादित कामको प्रचार प्रसार पनि गर्नुपर्छ । यसका लागि एफ एम रेडियो संचालनमा ल्याउनु पर्छ । नियमितरुपमा बुलेटिन प्रकाशन गर्नुपर्छ । केहि अपवादका पालिकाले टिभी, रेडियो, एफ एम संचालन गरेपनि अधिकाशं पालिकाहरुले यसमा ध्यान दिन सकेका छैनन् ।

स्थानीय सरकार संचालन ऐन बमोजिम हरेक स्थानीय तहले एकसय वाटसम्मको रेडियो संचालन अनुमति दिनुपर्छ । साथै, यससम्बन्धी अन्य काम प्रदेश कानूनअनुसार गर्नु पर्छ । प्रस्तुत सन्दर्भमा प्रदेश सरकारहरु पनि आफुलाई तोकिएको काम गर्न सक्षम भैरहेका छैनन् ।

## (४) स्थानीय कर, सेवा, शुल्क, दस्तुर :

हाल औसत् गाउपालिकाहरुको वार्षिक बजेट रु ५० करोडको हाराहारीमा छ । यसैगरी नगरपालिकाहको बजेट औसतमा रु १ अर्वको वरिपरी छ । यसैगरी, उपमहानगरपालिकाहरुले करिब २।३ अर्वको वार्षिक बजेट जारी गरिरहेका छन् । महानगरपालिकाहरुको औसत बजेट रु १० अर्वको वरिपरी छ । तर, आमरुपमा पालिकाहरुले कूल बजेटको १।२ प्रतिशत मात्रै आन्तरिक राजस्व असुली गरिरहेको अबस्था छ ।

स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय तहहरुले सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यबसाय शुल्क भूमिकर, मनोरंजन कर असुली गर्न पाउछन् । यसैगरी स्थानीय तहले कर, राजस्व संकलन र व्यबस्थापनसम्बन्धी काम गर्नुपर्छ । यिनीहरुले केबलकार, साहसिक खेल लगायतको शुल्क असुली गर्न सक्तछन् ।

स्थानीय तहहरुले जडिबूटी, कवाडी कर लगायत संकलन गर्ने, ढुंगा, गिट्टी, वालुवा लगायत प्राकृतिक स्रोतको राजस्व संकलन गर्ने र विभिन्न सिफारिश वापत दस्तुर संकलन गर्न पाउने कानूनी अधिकार पाएका छन् ।

यसका लागि स्थानीय तहले राजस्व प्रबर्द्धन, राजस्व सूचना र राजस्व चुहावट नियन्त्रणसम्बन्धी विविध कार्य गर्नुपर्छ । तर, भविष्यमा भोट नपाइएला भनी नयां कर प्रस्तावित गर्न पालिकाहरु हिचकिचाइरहेको अवस्था छ । यसमा सुधार हुनै पर्छ ।

### (५) स्थानीय सेवाको व्यबस्थापन :

संघीयता कार्यान्वयनमा आएको लामो अबधिमा पनि संघीय निजामती सेवा ऐन जारी हुन सकिरहेको छैन । यो ऐन जारी भएपछि स्थानीय सरकारहरुले स्थानीय सेवासम्बन्धी नीति निर्माण गर्नुपर्नेछ । हुनत, केही अपवादमा रहेका पालिकाले यससम्बन्धी ऐन नै जारी गरिसकेका छन् ।

स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय सरकारहरुले कर्मचारी व्यबस्थापन, बृत्ति विकास र ओ एण्ड एम सर्वेको काम गर्नुपर्छ । यी काममा भने पालिकाहरु केही हदमा अघि बढेका छन् । तर, संघीय सरकारबाट ऐन जारी नभएकै कारण अगाडिको बाटो रोकिएको प्रष्टै छ ।

### (६) स्थानीय अभिलेख र तथ्यांक व्यबस्थापन :

संघीय शासन व्यबस्थाअनुसार नेपालमा ७६१ वटा सरकार क्रियाशील छन् । जसअनुसार स्थानीय तहले स्थानीय तथ्यांक र अभिलेख दुरुस्त राख्नुपर्छ । यससम्बन्धी नीति निर्माण गर्ने, आधारभूत तथ्यांक संकलन गर्ने, जन्म दर्ता लगायतका कामलाई व्यबस्थित गर्ने र सूचना तथा संचारको भूमिका निर्वाह गर्ने जिम्मेवारी स्थानीय सरकारको कांधमा छ । यसमा पालिकाहरुलाई आशिंक सफलता हासिल भएको पनि छ । तर, एकपटक तर्जुमा गरेको गाउं वा नगर पार्श्वचित्रलाई वर्षेनी अपडेट गर्नुपर्छ भन्नेसम्मको चेतना पनि नभएझैं प्रतित हुन्छ । यसर्थ, पालिकाहरु आफ्नो जिम्मेवारीमा खरो उत्रिनुको विकल्प छैन ।

### (७) स्थानीयस्तरका विकास आयोजना तथा परियोजना :

स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय तहले यससम्बन्धी नीति निर्माण गर्नुपर्छ । पालिकाभित्र संचालन हुने परियोजना तर्जुमा र कार्यान्वयन गर्नुपर्छ । यस क्रममा संभाव्य प्राकृतिक स्रोतको परिचालन गर्न पालिकाहरु अग्रसर हुनुपर्छ । साथै, पालिकाले शहरी विकास र वस्ती विकास योजना संचालनमा ल्याउनु पर्छ । यसैगरी, राष्ट्रिय भवनसंहिता पालना गर्नुपर्छ । स्थानीय तहले सरकारी भवनलगायतको निर्माण गर्नुपर्छ । साथै, संघ र प्रदेशका आयोजना संचालनको जिम्मेवारी पनि बहन गर्नुपर्छ । यस अतिरिक्त, घ वर्गको इजाजत जारी गर्ने क्षेत्राधिकार पनि पालिकामै रहेको छ । यसैगरी, पालिकाले पर्यटन क्षेत्रको विकास योजना पनि तर्जुमा गरी लागू गर्नुपर्छ । यी काममा पनि पालिकाहरु निकै पछाडि परेको अनुभूति हुन्छ ।

### (८) आधारभूत र माध्यमिक शिक्षा :

संघीय शासन प्रणालीमा स्थानीय सरकारले पाएको महत्वपूर्ण अधिकार मध्ये शिक्षाको अधिकार पनि हो । संविधानले नै आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहको कांधमा सुम्पिएको छ । जसअनुसार पालिकाहरुले वाल विकास, आधारभूत शिक्षा लगायतको काम गर्नुपर्छ । उनीहरुले सामुदायिक

र गुठी स्कूल संचालनमा ल्याउनु पर्छ। प्राविधिक शिक्षा संचालन र तालीम व्यबस्थापनको जिम्मेवारी पनि पालिकाहरुकै कांधमा रहेको छ।

यस अतिरिक्त, स्थानीय सरकारहरुले मातृभाषामा शिक्षा दिने, शैक्षिक संस्थाहरुको सम्पत्तिको सुरक्षा गर्ने, शिक्षा समिति गठन गर्ने र विद्यालयको नामाकरण गर्ने काम पनि गर्नुपर्छ। यसैगरी, स्कूलको जग्गाको स्वामित्व, संरक्षण, शिक्षाको गुणस्तर अभिबृद्धि, शिक्षक, कर्मचारीको दरवन्दी मिलान र विद्यालयको अनुमति दिने काम पनि पालिकाकै हो। साथै, विद्यालयको शैक्षिक पूर्वाधार, परीक्षा संचालन, सिकाइ उपलब्धिको परीक्षण, निःशुल्क शिक्षा, छात्रबृत्ति र कोचिंग कक्षा संचालन पनि पालिकाबाटै हुनुपर्छ। पालिकाले प्राबिधिक ज्ञान सीप, स्थानीय ज्ञान, पुस्तकालय संचालन, शैक्षिक कार्यक्रम, विद्यालय अनुदान, शिक्षक तालीम र अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्ने कुरा पनि स्थानीय सरकार संचालन ऐनमा लेखिएको छ। हाल स्कूलहरुको संचालनमा पालिकाहरु सफल देखिएपछि गुणस्तरीयता कायम गर्न भने अझै निकै परिश्रम गर्नुपर्ने अबस्था टड्कारो नै छ।

## (९) आधारभूत स्वास्थ्य र सफाइ :

वर्तमान संविधान र कानूनले आम नागरिकको आधारभूत स्वास्थ्य सेवाको जिम्मेवारी स्थानीय सरकारलाई तोकेको छ। यसर्थ, स्थानीय सरकारले सफाइ र पोषण नीति जारी गर्नुपर्छ। पालिकाहरुले अस्पताल र स्वास्थ्य सेवा केन्द्र संचालनमा ल्याउनु पर्छ। यसका लागि आबश्यक भौतिक पूर्वाधार निर्माण गर्नुपर्छ। पालिकाहरुले स्वच्छ खानेपानीको प्रबन्ध गर्नुपर्छ। यसैगरी, सरसफाइ, फोहोर व्यबस्थापन, रक्त संचार सेवा, औषधि पसल, परिवार नियोजन, महिला र वालवालिकाको स्वास्थ्यसम्बन्धी कार्य पनि पालिकाले नै सम्पादन गर्नुपर्छ। यी काममा पनि पालिकाहरुलाई आशिंक सफलता भने प्राप्त भएको महशुस हुन्छ।

## (१०) स्थानीय वजार व्यबस्थापन, वातावरण संरक्षण र जैविक विविधता :

स्थानीय सरकार संचालन ऐनले स्थानीय व्यापार, मांग, आपूर्ति व्यबस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ। जसअनुसार, बजार, हाट बजार, स्थानीय बस्तुको उत्पादन, विक्री, स्थानीय व्यापार, वाणिज्य, मूल्य र गुणस्तरको काम पालिकाले सम्पादन गर्नुपर्छ। यस अतिरिक्त, व्यापारिक फर्म दर्ता, अनुमति, व्यापार तथ्यांक, निजी क्षेत्रसंग समन्वय र स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण पनि पालिकाले गर्नुपर्छ। यसैगरी, उपभोक्ता सचेतना अभिबृद्धि, स्थानीय वातावरण जोखिम न्यूनीकरण, जनस्वास्थ्य प्रतिकूल असर पर्ने कामको न्यूनीकरण, वातावरणमैत्री विकास, वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी काम पनि पालिकाबाट सम्पादन गरिनु पर्छ। यस विषयमा पालिकाहरु निकै पछाडि परेका छन्। यसर्थ, संयुक्त राष्ट्र् संघको दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी अघि बढ्नुको विकल्प छैन।

## (११) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई :

स्थानीय सरकार संचालन ऐन अनुसार मुलुकका ७५३ वटा स्थनीय तहले स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाईसम्बन्धी नीति, योजना निर्माण गर्ने सर्न्दभमा यससम्बन्धी गुरुयोजना तयार गर्नुपर्छ। साथै, यस क्षेत्रमा निर्माण र मर्मतको काम गर्नुपर्छ। साथै, सिंचाई, झोलुंगे पूल, पुलेसा र

यातायात सुरक्षाका क्षेत्रमा काम गर्नुपर्छ । विगतको प्रगतिलाई नियाल्दा पालिकाहरु सडक निर्माण, मर्मत र स्तरोन्नतिमा निकै लागिपरेका छन् । तर, सिंचाई र यातायात सुरक्षातर्फ यिनको निकै कम ध्यान गएको पाइन्छ ।

## (१२) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यबस्थापन :

स्थानीय सरकार संचालन ऐन बमोजिम पालिकाहरुले यससम्बन्धी नीति र रणनीति निर्माण गर्नुपर्छ । सभाका मुख्यतः ३ वटा समितिहरु (विधायन, लेखा र सुशासन) को गठन गर्नुपर्छ । साथै, साझेदारीका विषयमा संयुक्त समितिको बैठक राख्नु पर्छ । न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमा छलफल गर्नुपर्छ । विकास आयोजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । आर्थिक व्ययभार पर्ने विषयको नियमन गर्नुपर्छ । मेलमिलाप, मध्यस्थता लगायतमा जोड दिनुपर्छ । तर, विगत ५।७ वर्षको अनुभवलाई हेर्दा केही अपवादका पालिका बाहेकले सभालाई खासै विजनेश दिएका छैनन् । वर्षमा दुई पटक सभा आमन्त्रण गरी दुई । दुई दिन छलफलमा सहभागी गराउनमै सिमित राखेको पाइन्छ । यसमा राम्रै सुधारको खांचो छ ।

## (१३) स्थानीय अभिलेख व्यबस्थापन :

हरेक पालिकाले यससम्बन्धी नीति निर्माण गर्नुपर्छ । कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आयलगायतका विविध तथ्यांक निर्माण गर्ने, वर्षेनी अपडेट गर्नुपर्छ । साथै, सूचना तथा अभिलेख केन्द्र खडा गर्ने, सार्बजनिक सम्पीत्त लगायतको अभिलेख राख्ने, योजनाको विवरण र तिनको सम्पत्ति विवरण अद्यावधिक गर्ने, नवीनतम सूचना प्रविधि अवलम्बन गर्ने र स्थानीय अभिलेख व्यबस्थापनलाई चुस्त र दुरुस्त तुल्याउने काम पनि पालिकाहरुकै हो । यी काम सबै पालिकाबाट भएका छन् । तर, अपेक्षित गुणस्तरमा कार्य सम्पादन गर्न सकिएको छैन ।

## (१४) जग्गा धनी प्रमाणपूर्जा वितरण :

संघीय सरकारको ढिलाइका कारण पालिकाहरुमा मालपोत र नापी कार्यालयहरु स्थापना हुन सकिरहेका छैनन । जसको कारण पालिकाका लागि तोकिएको नक्शा, कित्ताकाट र प्रमाणपूर्जा वितरणको काम अपेक्षितरुपमा हुन सकिरहेको छैन । यसैगरी, पालिकाले भूमिको बर्गीकरणअनुसार लागत खडा गर्नुपर्छ । सार्बजनिक प्रयोजनका लागि जग्गा प्राप्तिसम्बन्धी आबश्यक प्रबन्ध गर्नुपर्छ । यी काममा पालिकाहरु संघप्रति आश्रित रहने र संघीय सरकार बढी कठोर हुने प्रबृत्ति विद्यमान छ ।

## (१५) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यबस्थापन, पशु स्वास्थ्य, सहकारीः

स्थानीय सरकार संचालन ऐन बमोजिम ७५३ वटा स्थानीय सरकारले कृषि तथा पशुपालन, कृषि उत्पादन व्यबस्थापन, पशु स्वास्थ्य एवं सहकारी सम्बन्धी नीति र कानून निर्माण गरी यस क्षेत्रमा काम गर्नुपर्छ । यसैगरी, पालिकाहरुले कृषि तथा पशुपंक्षी बजारलगायतका क्षेत्रमा व्यापकरुपमा काम गर्नुपर्छ । साथै, यस क्षेत्रमा नसक्ने संभावित महामारी नियन्त्रण, पशुपंक्षी चिकित्सक सेवा, कृषि वातावरण र जैविक विविधतामा विशेष कार्ययोजना निर्माण गरी काम गर्नुपर्छ ।

यस अतिरिक्त, पशु नश्ल सुधार, उच्च मूल्ययुक्त कृषि, स्थानीय चरन, पशु आहार, पशुपंक्षी तथ्यांक, पशु वधशाखा, शितभण्डार र पशुपंक्षी बीमामा पालिकाहरुले प्रत्यक्ष भूमिका निर्वाह गर्नुपर्छ । यस क्षेत्रमा पालिकाहरुको न्यून भूमिकाकै कारण राष्ट्रिय उत्पादकत्व बृद्धि हुन सकिरहेको छैन । मुलुकबाट गरिवी हटाउन सकिएको छैन । साथै, स्थानीय आर्थिक विकासले पनि गति लिन सकिरहेको छैन । यस कुरालाई यथाशिघ्र छिटै पालिकाहरुले आत्मसात् गर्नुपर्छ ।

## (१६) ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरूको व्यबस्थापन :

स्थानीय सरकार संचालन ऐन बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको संचालन स्थानीय तहबाट हुनेछ । यसैगरी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको परिचयपत्र, सुविधा र दिवा सेवा केन्द्र संचालनसम्बन्धी जिम्मेवारी पनि स्थानीय सरकारले बहन गर्नुपर्छ । यसैगरी, स्याहार केन्द्रको संचालन तथा सडक वालवालिकालगायतको व्यबस्थापनको जिम्मेवारी पनि पालिकाकै कांधमै छ । यी काम हाल पालिकाबाट भैरहेको छ । यसलाई थप व्यबस्थित तुल्याउन जरुरी छ ।

## (१७) बेरोजगार तथ्यांक संकलन :

संविधान बमोजिम बेरोजगार तथ्यांकन संकलनको अधिकार क्षेत्र स्थानीय सरकारमा रहेको छ । जसअनुसार स्थानीय तहले यससम्बन्धी सूचना प्रणालीको स्थापना गर्ने, स्वदेशी र विदेशी श्रमिकको लागत राख्ने, विषयगत दक्ष जनशक्तिको तथ्यांक अद्यावधिक गर्ने, सुरक्षित बैदेशिक रोजगारी, रोजगारी सूचना केन्द्र, वैदेशिक रोजगारीका लागि सीपमूलक तालीम, बैदेशिक रोजगारीबाट प्राप्त ज्ञानको उपयोग र बेरोजगारको तथ्यांकसम्बन्धी सम्पूर्ण काम गर्नुपर्छ । यसमा हालका दिनमा पालिकाहरुबाटै बैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रदान गर्न थालिएको छ । तथापि यस क्षेत्रमा थुप्रै काम गर्न वांकी छ ।

## (१८) कृषि प्रसारको व्यबस्थापन, संचालन र नियन्त्रण :

स्थानीय सरकार संचालन ऐन बमोजिम यससम्बन्धी नीति र योजना तर्जुमा गरी कार्यान्वयन गर्नु स्थानीय सरकारको कर्तव्य हो । साथै, स्थानीय तहले कृषि प्रसारको व्यबस्थापन, संचालन र नियन्त्रणका लागि आबश्यक पर्ने जनशक्तिको प्रक्षेपण गर्ने, कृषकको क्षमता अभिबृद्धि गर्ने, कृषि वीउ विज उत्पादन गर्ने, स्थानीय कृषि प्रविधि, कृषि प्रचारप्रसार, स्रोत केन्द्रहरुको स्थापना र प्रांगारिक खेतीसम्बन्धी काम पनि गर्नुपर्छ । यी काम पनि पालिकालाई आशिंक मात्रै सफलता प्राप्त भएको अबस्था छ ।

## (१९) खानेपानी, साना जलविद्युत, बैकल्पिक उर्जा :

मुलुकका ७५३ वटा स्थानीय सरकारहरुले खानेपानी सम्बन्धी नीति र योजना तर्जुमा गरी लागू गर्नुपर्छ । साथै, खानेपानी महशुल, एक मेगावाटसम्मका जलविद्युत आयोजना र बैकल्पिक उर्जा लगायतको कार्यक्षेत्र पनि पालिकामै पर्छ । यस क्षेत्रमा पालिकाहरु निकै पछाडि परेका छन् ।

## (२०) विपद् व्यबस्थापन :

हरेक पालिकाले कानूनबमोजिम विपद् योजना तर्जुमा गर्नुपर्छ । यसैगरी, पूर्व तयारी, राहत, वफरस्टक, तटबन्ध र नक्शांकनमा पनि पालिकाहरु प्रत्यक्ष संलग्न रहनु पर्छ । यस अतिरिक्त, यस क्षेत्रका सबैसंग समन्वय गरी स्रोत परिचालन गर्ने, पुनर्स्थापन, पुनर्निमाण, तथ्यांक, आपत्कालीन कार्य र समुदायमा आधारित कार्यक्रमहरु संचालन गर्न पालिकाहरु अग्रसर हुनुपर्छ । हालसम्मको स्थिति हेर्दा यस काममा संघकै मुख ताक्ने गरेको अनुभूति हुन्छ । तर, कोभिडजस्ता महामारीमा भने पालिकाहरुको काम अति नै प्रशंसनीय रहेको थियो ।

## (२१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण :

हरेक स्थानीय सरकारले जलाधार, बन्यजन्तुसम्बन्धी नीति र कानून निर्माण गरी लागू गर्नुपर्छ । यसैगरी, पानी मुहानको संरक्षण, सामुदायिक भूसंरक्षण, खानी, बहुमूल्य धातु, ढुंगा गिट्टी, वालुवाको व्यबस्थापना तथा भौगर्भिक नक्शा निर्माणको काम पनि पालिकाकै कांधमा पर्छ । यी काम राम्ररी हुन सकेका छैनन् । यसका लागि पालिका स्तरमा प्राविधिक जनशक्तिको पनि अभाव छ ।

## (२२) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास :

स्थानीय सरकार संचालन ऐन बमोजिम स्थानीय भाषा, संस्कृति र ललितकलाको संरक्षण गर्न पालिकास्तरमा नीति र योजना निर्माण गरी लागू गर्नुपर्छ । यसैगरी, पुरातत्व, संग्रहालय, परंपरागत जात्रा, पर्व, भाषा, कला, संस्कृति लगायतको संरक्षणमा पनि पालिकाहरु उत्तिकै जिम्मेवार छन् । यी कामहरुले पनि अपेक्षित गति लिन सकिरहेका छैनन् ।

## निष्कर्ष :

यसरी नेपालको संविधानको अनुसूची ८ ले स्थानीय सरकारलाई प्रदान गरेका २२ वटा एकल अधिकारको कार्यान्वयनमा पालिकाहरुको वर्तमान अबस्था मिश्रित किसिमको छ । यर्थाथमा, सबै पालिकाहरुले आफुलाई उपलव्ध सबै अधिकारको कार्यान्वयन गर्न सकिरहेका छैनन् । यसका लागि एकातिर पालिकासंग स्रोत, साधन र प्राविधिक जनशक्तिको अभाव छ भने अर्कोतिर संघीय र प्रदेश सरकार पनि पालिकाको लागि सहजकर्ता भन्दा पनि कैयौ केशमा अवरोधकारुपमा प्रकट भएको अबस्था छ । यसरी, संघीय शासन प्रणालीको जगकारुपमा रहेका सबै ७५३ वटा पालिकाहरुले आफुलाई संविधानले प्रदान गरेको २२ वटा एकल अधिकारलाई निर्वाधरुपमा उपयोग गर्न पाउने व्यबस्था सुनिश्चित गरिनु पर्छ ।

यसका लागि सर्बप्रथम संघीय र प्रदेश सरकार यसका लागि मन, वचन र कर्मले उदार हुनुपर्ने देखिन्छ । यसैगरी, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार र यस क्षेत्रका संघ संस्था एवं विज्ञ व्यक्तिहरुको सामुहिक सहयोगी भावनाको अपेक्षा गरिन्छ । यसबाट स्थानीय सरकारहरु सफल हुन्छन् र संघीय शासन प्रणालीले पनि हासिल भएको सफलतालाई थप मजबुत तुल्याउदै लैजानेछ । यही नै समयको मांग पनि हो ।

****